# २०८२ जेठ १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | जापान सरकारबाट छात्रवृत्ति परियोजनाको लागि प्राप्त हुने जापानी येन ५७२ मिलियन (करिब रु.५३ करोड ७६ लाख) बराबरको अनुदान सहायता स्वीकार गर्ने। |
| २ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | बाफिकोट-खुंग्री १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि ३.२७८ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | मिति २०८२/२/१९ देखि २०८२/२/२३ सम्म फिलिपीन्सको, मनिलामा आयोजना हुने 2025 Asia Clean Energy Forum कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) लाई सहभागी हुन स्वीकृति दिने। |
| ४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद्को कार्यकारी निर्देशक पदमा वरिष्ठ वैज्ञानिक डा. कृष्ण प्रसाद तिम्सीनालाई नियुक्त गर्ने। |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | नेपाल कृषि अनुसन्धान परिषद् र गणतन्त्र कोरियाको Rural Development Administration बिच हस्ताक्षर हुने नेपालको कृषि क्षेत्रमा अनुसन्धान र प्रविधि हस्तान्तरणमा सहकार्य गर्नेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने। |
| ६ | परराष्ट्र मन्त्रालय | हङकङमा आयोजना हुने अन्तर्राष्ट्रिय मध्यस्थता संगठन स्थापना गर्ने महासन्धिको हस्ताक्षर समारोहमा २०८२ जेठ १४ गतेदेखि १८ गतेसम्म पर्यवेक्षकका रूपमा सहभागी हुन माननीय परराष्ट्र मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला साविक सुनवल गा.वि.स. वडा नं. ९ को ०-१८-५ विघा जग्गा महाकवि देवकोटा क्याम्पस सुनवल, नवलपरासीलाई लिजमा उपलब्ध गराउन स्वीकृति दिने। |
| ८ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडकअन्तर्गतको राम्दी-रानीमहल सडक खण्ड तथा हार्मीचौर-बलेवा-मालढुङ्गा सडक खण्डमा सडक स्तरोन्नति गर्ने क्रममा सडक रेखाङ्कन भित्र पर्ने तथा सडक स्तरोन्नति गर्दा क्षति हुने २७ वटा घरटहराहरूको क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति दिने। |
| ९ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | रानी-विराटनगर-इटहरी-धरान सडक योजनाअन्तर्गत जिल्ला सुनसरी, साविक दुहवी-८ख मा ०-४-१७ विघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| १० | रक्षा मन्त्रालय | काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनालाई दक्षिणकाली न.पा., गोदावरी न.पा., बागमती गा.पा., भीमफेदी गा.पा. र बकैया गा.पा. मा करिब २१३ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| ११ | रक्षा मन्त्रालय | नेपाली सेनाका एक जना सहायक रथी र एक जना महासेनानीको पदावधि थप गर्ने। साथै, तीन सहायक रथी र एक महासेनानी पदमा बढुवा गर्ने। |

| | | |
|---|---|---|
| १२ | वन तथा वातावरण मन्त्रालय | वीरेन्द्रनगर नगरपालिका, सुर्खेतलाई भेरी पम्पिङ्ग उप-आयोजनाको पहुँच मार्ग निर्माणको लागि लेकवेसी नगरपालिका वडा नं. १० मा रहेको राष्ट्रिय वनको १.१५ हेक्टर जग्गा प्रयोग गर्न दिने। |
| १३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | नेपाल सरकार र दक्षिण कोरिया सरकारबिच हस्ताक्षर हुने रोजगार अनुमति प्रणाली (इ.पि.एस.) मार्फत नेपाली नागरिकलाई रोजगारीका लागि गणतन्त्र कोरिया पठाउनेसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपालका निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनका लागि इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ खारेज गर्ने। |
| १५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्जुनधारा नगरपालिका, झापालाई जापानको इवाते प्रान्तस्थित तोनो सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| १६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ललितपुर महानगरपालिकालाई संयुक्त राज्य अमेरिकाको कोलोराडो राज्यस्थित ब्रुमफिल्ड सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| १७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | खाँदबारी नगरपालिका, संखुवासभा; फुङलिङ नगरपालिका, ताप्लेजुङ; छायाँनाथ रारा नगरपालिका, मुगु; वेदकोट नगरपालिका, कञ्चनपुर; भंगहा नगरपालिका, महोत्तरी; भेरीगंगा नगरपालिका, सुर्खेत; बारपाक सुलीकोट गाउँपालिका, गोरखा; सिमकोट गाउँपालिका, हुम्ला; के. आई. सिंह गाउँपालिका, डोटी; पुनर्वास नगरपालिका, कञ्चनपुर; जैमिनी नगरपालिका, बाग्लुङ; कमलबजार नगरपालिका, अछाम; दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर; फलेवास नगरपालिका, पर्वत; सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ र कैलाश गाउँपालिका, मकवानपुरलाई विभिन्न आयोजना सञ्चालनको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| १८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | जल तथा उर्जा आयोगको सचिवालय र अन्तर्गतका कार्यालयहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने। साथै, जलस्रोत अनुसन्धान तथा विकास केन्द्र खारेज गर्ने। |
| १९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निजामती सेवा पुरस्कार सिफारिस समितिमा नेपाल सरकारका सचिवहरूमध्येबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शासकीय मामिला क्षेत्र हेर्ने सचिव र विशिष्ट श्रेणीबाट सेवा निवृत्त कर्मचारीमध्येबाट पूर्वसचिव डा.गोपीकृष्ण खनाललाई सदस्य तोक्ने। |
| २० | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विज्ञापन बोर्डको रिक्त अध्यक्ष पदमा श्री लक्ष्मण हुमागाईं, काभ्रेपलाञ्चोकलाई नियुक्त गर्ने। |
| २१ | सहरी विकास मन्त्रालय | २०८२ असार ३ गतेदेखि ५ गतेसम्म Israel को Tel Aviv मा आयोजना हुने MUNIEXPO-2025 सम्मेलनमा शहरी विकास मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २२ | खाद्य प्रणाली रूपान्तरणको रणनीतिक योजना (२०८१/८२-२०८६/८७) स्वीकृत गर्ने। | |
| २३ | राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। | |

| | |
|---|---|
| २४ | सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्न स्वीकृति दिने। |
| २५ | सार्वजनिक सेवा प्रसारण नियमावली, २०८२ स्वीकृत गर्ने। |
| २६ | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा सहसचिव श्री भुपाल बराललाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको प्रमुखसचिव पदमा पदस्थापन गर्ने। |
| २७ | नेपाल इञ्जिनियरिङ सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पदमा श्री दिनानाथ मिश्रलाई बढुवा गरी जल तथा ऊर्जा आयोगको सचिवालयमा पदस्थापन गर्ने। |
| २८ | निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिवहरूको देहायबमोजिम सरुवा गर्ने: |

| क्र. सं. | नाम थर | हालको पद तथा निकाय | सरुवा गरिएको पद तथा निकाय |
|---|---|---|---|
| १ | डा. रामप्रसाद घिमिरे | सचिव; राष्ट्रपतिको कार्यालय | सचिव (वाणिज्य तथा आपूर्ति); उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २ | श्री किरणराज शर्मा | सचिव; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सचिव; लोक सेवा आयोग |
| ३ | श्री हरिप्रसाद मैनाली | सचिव (जनसङ्ख्या र प्रशासन); स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सचिव; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ४ | श्री डिल्लीराम शर्मा | सचिव; लोक सेवा आयोग | सचिव (जनसङ्ख्या र प्रशासन); स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| ५ | डा. दिपक काफ्ले | सचिव (शिक्षा); शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सचिव; राष्ट्रपतिको कार्यालय |
| ६ | श्री चुडामणी पौडेल | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव (शिक्षा); शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| ७ | श्री गोविन्दबहादुर कार्की | सचिव (वाणिज्य तथा आपूर्ति); उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सचिव; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | श्री माहादेव पन्थ | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश | सचिव; राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ९ | श्री रघुराम विष्ट | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश | महालेखा नियन्त्रक; महालेखा नियन्त्रक कार्यालय |
| १० | श्री शोभाकान्त पौडेल | राजपत्राङ्कित विशिष्ट श्रेणी; अतिरिक्त समूह | प्रमुख सचिव; मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश |